लुङग्री गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल ।

इमेल: lungrimun@gmail.com
http://www.lungrimun.gov.np
www.facebook.com/lungrimun

पत्र संख्या: ०७७/७८
चलानी नम्बर:

मिति : २०७८/०१/२२

लुङ्ग्री गाउँपालिकामा मिति २०७८/०१/२१ गते बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकबाट गरेका निर्णयहरु कार्यन्वयन गर्न गराउन सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

बिश्वभर महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनहरुमा तिब्र रुपमा फैलिरहेको अवस्थालाई गम्भीरतापूर्वक लिंदै यस गाउँपालिकामा हुन सक्ने संक्रमण फैलनबाट रोक्न कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका कार्यहरु प्रभावकारी रुपमा संचालन एवं व्यवस्थापन गर्न संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐनको दफा ६ (३) बमोजिम मिति २०७८/०१/२० को जिल्ला प्रशासन कार्यालय रोल्पाले जारी गरेको आदेश समेत दृष्टिगत गरी पूर्णरुपमा पालन गर्ने गराउने उद्देश्यका साथ सो आदेशलाई थप प्रष्ट तथा कडाइका साथ कार्यन्वयन गर्नको निमित्त मिति २०७८/०१/२१ गते यस लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा बसेको सर्वदलीय तथा सर्वपक्षीय छलफलले तपसिल बमोजिमको निर्णयहरु गरेको छ ।

<u>तपसिल:</u>

१. खाद्यान्न, तरकारी, फलफुल, दुध र दुधजन्य पदार्थ, औषधि तथा उपचारका सामाग्री र खानेपानीका ढुवानी सेवाहरु लिनको लागि बढीमा दुई जना मात्र (चालक र सह-चालक बाहेक) सवार गर्न पाइने र मादक पदार्थ ढुवानी गर्न पूर्ण रुपमा रोक लगाईने ।
२. ढुवानी सम्बन्धि सवारी साधनहरु बिहान ६:०० बजे देखि साझ ७:०० बजे सम्म मात्र चलाउन पाइने ।
३. निर्माण सामग्रीको ढुवानी गर्दा बढीमा दुई जना मात्र (चालक र सह-चालक बाहेक) सवार गर्न पाइने । सवारी पासमा गाउँपालिकाले समन्वय गर्ने ।
४. होटल सम्बन्धि कार्यहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपले पालन गर्ने गरी संचालन गर्न पाईने ।
५. आवश्यक सम्पूर्ण सवारी पासका लागि गाउँपालिकाले समन्वय गर्ने ।
६. यस जिल्लामा अन्यत्र जिल्ला वा छिमेकी मुलक भारत गई फर्कने व्यक्तिहरुले अनिवार्य रुपमा १० दिन सम्म होम क्वारेन्टाइनमा बस्नु पर्ने । होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको अनुगमन तथा होम क्वारेन्टाइनमा राख्न सम्बन्धित स्थानीय तह , टोल विकास संस्था, आमा समूह, राजनितिक दलहरु, युवा क्लबहरु, व्यापारी, बुद्धिजीवि, पत्रकार, सुरक्षाकर्मी, समाजसेवीहरुले प्रभावकारी रुपमा लागू गर्ने ।
७. बिवाह, मृत्यु जस्ता संस्कारमा वाजागाजा बजाउन रोक लगाउने ।
८. निर्णयहरु पूर्ण रुपमा कार्यान्वय गराउनको लागि धुलेओडार र लुङ्ग्री-०३ निरहीमा गरी दुई स्थानमा गाउँपालिकाको चेक पोष्ट संचालन गर्ने ।

वरुण प्रसाद राजवंशी
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकिय अधिकृत